# चिङ्गाड गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १० संख्या : ६ पुङखेत, सुर्खेत मिति :२०८३।०६।०७

## भाग-१

चिङ्गाड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पुङखेत, सुर्खेत

## सूचना

चिङ्गाड गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## चिङ्गाड गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसाय ऐन, २०८३

सम्बत् २०८३ सालको ऐन नं. ६

गाउँ सभाबाट स्वीकृत मितिः २०८३।०६।०६

प्रमाणीकरण मितिः २०८३।०६।०७

प्रस्तावना: सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न, 'घ' वर्गका निर्माण व्यवसायीहरूको प्रवर्द्धन तथा विकास गरी व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चिङ्गाड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "चिङ्गाड गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसाय ऐन, २०८३" रहेको छ।

(२) यो ऐन चिङ्गाड राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम चिङ्गाड गाउँपालिका वा गाउँपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनुपर्छ र सो शब्दले पुनःनिर्माण तथा मर्मत सम्भारका कार्य समेतलाई जनाउछ।

(ख) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनुपर्छ।

(ग) "इजाजतपत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नका लागि दफा ४ बमोजिम दिईने 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्झनुपर्छ।

(घ) "संगठित संस्था" भन्नाले चिङ्गाड गाउँपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्थालाई सम्झनुपर्छ।

(ङ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न चिङ्गाड गाउँपालिकाबाट तथा सम्बन्धित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनुपर्छ।

(च) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृति कर्ताको बीच भएको सम्झौता पत्र वा त्यस्ता सम्झौता पत्रका अभिन्न अंगको रूपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ।

(छ) "गाउँपालिका" भन्नाले चिङ्गाड गाउँपालसिका सम्झनुपर्छ।

(ज) "कार्यालय" भन्नाले चिङ्गाड गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(झ) "अध्यक्ष" भन्नाले चिङ्गाड गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(ञ) "उपाध्यक्ष" भन्नाले चिङ्गाड गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नले चिङ्गाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ठ) "परिषद" भन्नाले दफा १२ बमोजिम गठित निर्माण व्यवसाय विकास परिषद सम्झनुपर्छ।

(ड) "समिति" भन्नाले दफा १४ बमोजिम गठित प्राविधिक समिति सम्झनुपर्छ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, मापदण्ड तथा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ण) "कार्यपालिका" भन्नाले चिङ्गाड गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः (१) यस ऐन वा अन्य प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउनु हुदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता समिति वा जनसहभागिताबाट सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुऱ्याएको मानिने छैन।

४. इजाजतपत्रः (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमका ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्ने इजाजतपत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा समितिले त्यस्तो दरखास्त उपर आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन कार्यालय समक्ष सिफारिस गर्नेछ।

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भई आएमा दरखास्तवालालाई कार्यालयले तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ।

५. इजाजतपत्रको अवधि र नवीकरणः (१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ९ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ। इजाजतपत्र जुनसुकै मितिमा नवीकरण वा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र तोकिए बमोजिमको दस्तुर तिरी तोकिएको अधिकारीबाट तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेको छ महिना भित्र इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण शुल्कको तेब्बर दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ।

६. इजाजतपत्रको प्रतिलिपि दिनेः (१) कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपिको लागि निवेदन पेश गरेमा कार्यालयले इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

७. इजाजतपत्रको नाम परिवर्तन वा नामसारी सम्बन्धी व्यवस्थाः (१) कुनै निर्माण व्यवसायीले इजाजतपत्रको नाम परिवर्तन वा नामसारीको लागि निवेदन दिएमा कार्यालयले इजाजतपत्रको नाम परिवर्तन वा नामसारी गरिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर नयाँ इजाजतपत्र दर्ता दस्तुर सरह हुनेछ।

८. इजाजतपत्रको ठाउँसारी सम्बन्धी व्यवस्थाः (१) कुनै निर्माण व्यवसायीले इजाजतपत्रको ठाउँसारीको लागि निवेदन दिएमा तोकिए बमोजिमको दस्तुर लिइ कार्यालयले इजाजतपत्रको ठाउँसारी गरिदिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर आर्थिक ऐनमा तोकिएबमोजिम हुनेछ।

९. इजाजतपत्रको खारेजीः (१) देहायको अवस्थामा समितिको सिफारिसमा कार्यालयले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ।

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले कार्यालय तथा संगठित संस्थामा झुठ्ठा विवरण एवं तत् सम्बन्धी कागजात पेश गरेमा,

(ग) मापदण्ड र गुणस्तर युक्त कार्य नगरको ठहरेमा,

(घ) तोकिएको समयमा काम सम्पन्न नगरेमा।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई आफ्नो सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ।

(३) यस ऐनको दफा ५ को उपदफा (३) बमोजिमको म्याद भित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ।

(४) यस दफाको उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनीलाई दिनु पर्नेछ।

## परिच्छेद-३

## निर्माण व्यवसायीको दायित्व

१०. निर्माण व्यवसायीको दायित्वः (१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरूको अधीनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको तोकिए बमोजिमको विवरण समिति समक्ष पेश गर्नु पर्नेछ।

११. निर्माण व्यवसायीहरूबाट गराउन सकिने सार्वजनिक निर्माण कार्यः सार्वजनिक निर्माण कार्य गराउँदा सार्वजनिक खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम गराउनु पर्नेछ।

## परिच्छेद-४

## निर्माण व्यवसाय विकास परिषद र प्राविधिक समिति

१२. निर्माण व्यवसाय विकास परिषदः (१) निर्माण व्यवसायलाई सुदृढ र सु-व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक नीति तयार गरी सम्बन्धित निकायहरूलाई निर्देशन दिन देहाय बमोजिमको एक निर्माण व्यवसाय विकास परिषद गठन हुनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) निर्माण व्यवसायी संघको प्रतिनिधि | सदस्य |
| (ङ) सार्वजनिक सेवा प्रवाह तथा क्षमता विकास समितिको संयोजक | सदस्य |
| (च) इन्जिनियर एशोसिएसनका प्रतिनिधि | सदस्य |
| (छ) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. परिषदको काम, कर्तव्य र अधिकारः (१) निर्माण व्यवसाय विकास परिषदको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने,

(ख) सार्वजनिक निर्माण कार्यमा प्रस्तावक र प्रस्ताव स्वीकृति कर्ताबीच हुने सम्झौतापत्र, करारका शर्तहरू तथा स्पेसिफिकेशन सम्बन्धी नमूना मस्यौदाको निर्माण तथा विकास गर्ने,

(ग) सार्वजनिक निर्माण कार्यसँग सम्बन्धित वातावरणीय पक्ष लगायतका अन्य विषयहरूमा आवश्यक कोडहरूको निर्माण तथा विकास गर्ने,

(घ) निर्माण व्यवसाय सुदृढ र सक्षम तरिकाबाट सञ्चालन गर्न आवश्यक जनशक्ति उत्पादनका लागि प्रशिक्षण तथा तालिम संचालन गर्ने,

(ङ) निर्माण व्यवसायसँग सम्बन्धित विषयमा आवश्यक अनुसन्धान तथा विकास गर्ने,

(च) यस ऐनको उदेश्य कार्यान्वयन गर्न आवश्यक अन्य कार्यहरू गर्ने।

१४. प्राविधिक समितिः (१) निर्माण व्यवसायको प्रवर्द्धन तथा व्यवस्थापन गर्ने सम्बन्धमा कार्यालयलाई आवश्यक सहयोग पुऱ्याउन देहायबमोजिमको एक प्राविधिक समिति गठन हुनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) निर्माण व्यवसायी संघका प्रतिनिधि | सदस्य |
| (ग) इन्जिनियर एशोसिएसनका प्रतिनिधि | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) पूर्वाधार बिकास शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१५. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

(क) निर्माण व्यवसायीलाई इजाजतपत्र प्रदान गर्न कार्यालय समक्ष सिफारिस गर्ने,

(ख) निर्माण व्यवसाय सम्बन्धमा समसामयिक अध्ययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी परिषद समक्ष पेश गर्ने,

(ग) सार्वजनिक निर्माण कार्यको गुणस्तर सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित प्राविधिकबाट भएको जाँचपासको सम्बन्धमा आवश्यक जाँचवुझ गर्ने गराउने,

(घ) खण्ड (ग) बमोजिम जाँचबुझ गर्दा वा गराउदा तोकिएको गुणस्तर कायम नराखी प्राविधिकबाट जाँचपास भएको देखिएमा त्यसबाट हुन

गएको हानी नोक्सानी असूल उपर गर्न र त्यस कार्यमा संलग्न व्यक्ति उपर प्रचलित कानूनबमोजिम कारबाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) निर्माण व्यवसाय विकास परिषदलाई आवश्यक सहयोग गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

## परिच्छेद-५

## विविध

१६. सहुलियतमा पैठारी गरिएका सामानहरूको विवरण खुलाउनु पर्नेः द्विपक्षीय वा बहुपक्षीय सम्झौताबमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानूनबमोजिम प्राप्त सुविधा अन्तर्गत निर्माण व्यवसायीले नेपाल भित्र पैठारी गरेको सवारी साधन, मेशिनरी औजार, यन्त्र तथा उपकरणहरूको विवरण तोकिए बमोजिमका ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ।

१७. विदेशी निर्माण व्यवसायीले सहुलियतमा पैठारी गरेका मेशिनरी औजार आदि अन्यत्र प्रयोग गर्न नहुनेः दफा १६ बमोजिम विदेशी निर्माण व्यवसायीले आयात गरको सवारी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरू जुन कार्यको लागि आयात गरिएको छ सोही कार्यको लागि मात्र प्रयोग गर्नु पर्नेछ। समितिको स्वीकृति नलिई त्यस्ता सवारी साधन, मेशिनरी औजार, यन्त्र तथा उपकरणहरू अन्य कार्यका लागि प्रयोग गर्नु हुदैन।

१८. विदेशी सरकार वा संस्थासँग भएको सम्झौता बमोजिम हुनेः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लखिएको भए तापनि कार्यालय र विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व भएका संस्था वा अन्तर्राष्ट्रिय संस्थाहरूबीच भएको अनुदान वा ऋण सहायता सम्बन्धी सम्झौताबमोजिम सार्वजनिक निर्माण कार्य गर्दा सोही सम्झौतामा लेखिए बमोजिम हुनेछ।

१९. इजाजतपत्र नवीकरण सम्बन्धी विशेष व्यवस्था: (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुनुअघि तत्काल प्रचलित कानून बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेमा नवीकरण नगराएका वा नभएका इजाजतपत्र समितिको सिफारिसमा कार्यालयले पाँच गुना दस्तुर लिई एक पटकको लागि नवीकरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था यो ऐन लागु भएको पहिलो वर्षको असार मसान्तसम्म मात्र लागु हुनेछ।

२०. दण्ड सजायः निर्माण व्यवसायीले प्रचलित कानून बमोजिम प्राप्त सहुलियत तथा सुविधाहरूको दुरूपयोग गरेमा त्यस्तो निर्माण व्यवसायीलाई कार्यालयले त्यसरी दुरूपयोग भएको रकम असूली गरी सोही रकममा शत प्रतिशतसम्म जरिवाना गर्न सक्नेछ।

२१. उपसमिति गठन गर्नसक्नेः (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ र बैठकसम्बन्धी कार्यविधि उपसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२२. अधिकार प्रत्यायोजनः यस ऐन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले तोकिएको अधिकृतलाई तोकिएको अवधि सम्मको लागि अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

२३. प्रचलित कानून बमोजिम हुनेः सङ्घीय तथा प्रदेश कानूनसँग यस ऐनको कुनै दफा वाझिन गएमा वा वाझिएको हदसम्म स्वतः अमान्य हुनेछ। यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२४. नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने अधिकारः यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यबिधि तथा मापदण्ड बनाउन सक्नेछ।

२५. बचाउः यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भएका निर्माण व्यवसाय तथा फर्म वा कम्पनीहरूलाई दिइएको इजाजतपत्र यसै ऐन बमोजिम दिइएको मानिनेछ।

आज्ञाले

सुरेन्द्र सिंह

प्रमुख प्रशासकीय अधिकृत